नि.प्र.का. सप्तरी द.नं. २९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ११६ २०७७ साल मंसिर १७ गते बुधबार (2 Dec. 2020 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल भारत उडान ... ३ पृष्ठमा : खाद्य ऐन नमान्नेमा ... ३ पृष्ठमा : कोभिड-१९ का कारण ...


# अस्पताल नपुग्दै एम्बुलेन्स दुर्घटनामा बिरामी मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

उपचारका लागि बिराटनगर तर्फ जाँदै गरेका एक बिरामीको दुर्घटनामा परि मृत्यु भएको छ । छातीमा गहिरो चोट लागेको मण्डलको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा मृतक परिवारका तीन जना सदस्य समेत गम्भिर घाइते भएका छन् ।

सप्तरी तिलाठी कोइलाडी गाउँपालिका २ लौनियाका ६० वर्षिय पण्डित भनिने ननुलाल मण्डलको सोमबार साँझ दुर्घटनामा परि मृत्यु भएको हो ।

स्वास प्रस्वासमा समस्या भई उपचारका लागि राजविराजबाट स.१च. ११२२ नम्बरको एम्बुलेन्समा बिराटनगरतर्फ जाँदै गर्दा मोरङको टंकीसिनवारी नजिकै एम०१-एल०३३६ नम्बरको ट्रली गाडीसँग ठोकिएर दुर्घटना हुँदा मण्डलको मृत्यु भएको तिलाठी कोइलाडी गाउँपालिकाका



अध्यक्ष सतिश सिंहले जानकारी दिएका छन् ।

दुर्घटनामा उनका ५० वर्षिया पत्नि भोलीदेवी, ४९ वर्षिय भाई रामसुन्दर र ३० वर्षिया कान्छो छोरा जितेन्द्र गम्भिर घाइते भएका छन् । तीनै जनाको बिराटनगरस्थित नोवेल अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । दुर्घटना पश्चात् दुबै गाडीका चालक फरार भएकाले उनीहरुको खोजिकार्य भइरहेको प्रहरीको भनाई छ ।

# सरकारले तोकेको धानको मुल्य किसानले अझै पाएनन्

**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

प्रदेश २ र संघीय सरकारको समन्वयमा धानको न्युनत्तम खरिद मुल्य निर्धारण गरिएपनि हालसम्म सो मुल्य कार्यान्वयन नहुँदा किसानहरु चिन्तित देखिएका छन् ।

असोजको दोस्रो साता सरकारले प्रति क्विन्टल मोटो धान २ हजार ७ सय ३५ रुपैयाँ र, मध्यम २ हजार ८ सय ८५ रुपैयाँ निर्धारण गरेको थियो ।



धानबाली लगाउने समयमा सरकारले धानको समर्थन मुल्य तोके पनि अहिले धान भित्रियाउँदा सरकारले खरिद गर्ने नसकेकाले बिचौलियाहरुकै भर पर्नुपरेको बाध्यता रहिरहेकोले किसानहरु चिन्तित बनेका छन ।

सरकार आफैंले मुल्य निधारण गरे पनि धान नकिनिदिँदा प्रति क्विन्टल १८ सय देखी २ हजार सम्ममै बिचौलिया, मिलवाला तथा काँटावालाकै शरणमा गई बेच्नुपर्ने बाध्यता रहेको छिन्नमस्ताका किसान कृष्ण मण्डलको गुनासो छ ।

समयमा उचित मूल्य नपाएपछि घाटै लगाएर बेच्नुको विकल्प नरहेको छिन्नमस्ता गाँउपालकाकै अर्का किसान कपिल मुखियाको दुखेसो छ ।

# ठूला दलहरूका कारण प्राप्त उपलब्धीहरू गुम्ने खतरा : अध्यक्ष साह




**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

नेपाली जनता दलका अध्यक्ष हरिचरण साहले ठुला दलहरुका कारण प्राप्त उपलब्धीहरु गुम्ने खतरा बढेको बताएका छन् ।

नेपाली जनता दल सप्तरीद्वारा जिल्लाको खडक नगरपालिका ११ बनौलीमा

***बाँकी अन्तिम पृष्ठमा***

*सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९*

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३०५११४४१७

चलानी नं. :- ८५
पत्र संख्या :- ०७७/०७८

मिति २०७७।०८।०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणवस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**प्रस्तावहरु**

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

**कार्यक्रम**

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अवधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

बिश्वनाथ मण्डल
अध्यक्ष

**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

**कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं**




**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन



**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ



**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




**यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ**

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

**तपाईंले अपनाउनु पर्ने सावधानीहरु**



- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# किसानले झेल्नु पर्ने समस्या कहिले समाधान हुने !

सप्तरीमा अहिलेपनि खेती गर्न विभिन्न समस्या तथा चुनौतीहरु रहेका छन् । किसानहरुले खेतीको समयमा विभिन्न समस्या तथा चुनौतीहरु पार गर्दै रोपाई सम्पन्न गर्ने गरेका छन् । सिचाईको समस्या, मलखादको समस्या र कामदारको समस्या बाबजुद पनि उनीहरु खेती सम्पन्न गर्ने गर्छन् । रोपाई सम्पन्न पछि बाली कटाईको बेला कामदारहरु नपाइने कारणले गर्दा किसानहरु जसोतसो कटान पनि सम्पन्न गर्ने गरेका छन् । यति मात्र नभएर बाली कटान गरि घरमा थन्काएपछि किसानहरुले उत्पादन गरेका बालीको उचित मुल्य पाउन पनि अरुकै भर पर्ने कुरामा दुईमत नहोला ।

प्रदेश नं. २ र संघीय सरकारले धानको समर्थन मुल्य तोकेको अवस्थामा पनि किसानहरुले अझै सो मुल्य अनुसार धान बिक्रि गर्न पाएका छैनन् । यस्तो अवस्थामा किसानहरु झनै तनावमा परेका छन् । यो समस्या एउटा सप्तरीका किसानहरुको मात्र नभएर मुलुकको सम्पूर्ण किसानहरुको रहेको छ ।

यस्ता समस्याहरुप्रति सरोकारवाला निकायहरुले किसानहरुको मर्म बुझेर समाधान गर्ने तर्फ अग्रसरता देखाउनु आवश्यक छ । तसर्थ किसानहरुको यस्ता समस्या एक दिनको मात्र नभएर वर्षेणी हुने गरेकोले स्थानीय, प्रदेश र संघीय सरकार समेतले समस्याको एउटा दिर्घकालिन समाधानतर्फ सोच बनाउनु आवश्यक रहेको छ ।

# नेपाल भारत उडान सञ्चालन हुने

काठमाडौँ, १६ मङ्सिर (रासस) ।

कोभिड-१९ महामारीका कारण उडान प्रतिबन्ध गरिएको नेपाल-भारत उडान यथाशीघ्र सञ्चालनमा आउने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अर्को साताबाट दिल्ली-काठमाडौँ उडानका लागि अनुमति दिने तयारी गरेको हो । मन्त्रालयका सहचिव बुद्धिसागर लामिछानेले नेपाल-भारत उडानको टुङ्गो लागेको र अबको सातदेखि दश दिनभित्रमा उडान शुरु हुने राससलाई जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो,“उडान खुल्ने टुङ्गो लाग्यो, कहिलेदेखि गर्ने भन्नेबारे मन्त्रालयले भारतको नागरिक उड्डयन मन्त्रालयलाई कूटनीतिक माध्यमबाट उसले पठाएको एयर बबल अवधारणाको सकारात्मक ‘रेस्पन्स’ पठाउँछौ, त्यसपछि दुबै देशका एयरलाइन्सलाई उडान तयारीका लागि आग्रह गर्छौं, यो सब गरी बढीमा दश दिनजति समय लाग्छ उडान शुरु हुन ।” सहसचिव लामिछानेका अनुसार शुरुआती चरणमा काठमाडौँ-दिल्ली दुई उडान मात्रै हुनेछन् । एउटा नेपाली वायुसेवा कम्पनीको र अर्को भारतीय एयरलाइन्सले उडान गर्नेछन् । पछि दुबै देशले आवश्यकताको आधारमा उडान अभिवृद्धि गर्न सकिनेछ ।

कोभिड महामारी नियन्त्रणका लागि गत चैत ११ देखि देशभर लागू गरिएको बन्दाबन्दी र त्यसपछिको निषेधाज्ञाका कारण करिब ६ महिनापछि गत भदौं १६ देखि नियमित अन्तर्राष्ट्रिय उडान शुरु भएको थियो । छिमेकीमुलुक भारतमा भने कोरोना सङ्क्रमणदर उच्च रहेकाले भारतका तीनवटै गन्तव्य नयाँ दिल्ली, मुम्बई र बैङ्लोरको उडान प्रतिबन्ध थियो । गत मङ्सिर १० को मन्त्रिपरिषद् बैठकले भारतले प्रस्ताव गरेको ‘एयर बबल मोडल’ लाई स्वीकार गर्ने निर्णय गरेको थियो ।

अरु देशको हकमा भने मन्त्रालयले आवश्यकताका आधारमा उडान सञ्चालन अनुमति दिनसक्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ । नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले भारतीय उड्डयन निकायसँग उडानसम्बन्धी मापदण्ड बनाएपछि उडान हुने जनाइएको छ । प्राधिकरणका अनुसार अहिले नेपालबाट भारतसहित बङ्गलादेश, भुटान र थाइल्याण्डमा उडान रोकिएको छ । अन्य गन्तव्यमा उडान भइरहेको छ । नेपालका तीनसहित २९ वायुसेवा प्रदायक कम्पनीले विभिन्न १६ मुलुकका गन्तव्यमा अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन् ।

### अन्तर्राष्ट्रिय उडान घट्यो

भदौ १६ देखि नियमित रूपमा शुरु भएको अन्तर्राष्ट्रिय उडान शुरुताका दैनिक २० देखि २५ वटासम्म उडान भए पनि अहिले मुश्किलले करिब २० वटा मात्र उडान हुने गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ ।

विमानस्थलका प्रवक्ता देवचन्द्रलाल कर्णले पछिल्ला दिनमा अन्तर्राष्ट्रिय उडान बढ्नुको साटो क्रमशः घट्दै गएको बताउनुभयो । उहाँका अनुसार अहिले अन्तर्राष्ट्रियतर्फ दैनिक २० वटासम्म मात्रै उडान हुने गरेको छ । यो आगमन र प्रस्थान दुबै गरेर हो । यो सङ्ख्यामा पनि अहिले केही घटेको छ । भदौको दोस्रो साताबाट खुलेको नियमित अन्तर्राष्ट्रिय उडानमा खाडी मुलुकबाट एयरलाइन्सले दैनिक दुई वटा उडान गर्ने गरेकामा अहिले दैनिक एउटा उडान गर्छन् । यता नेपालबाट जापानको नारिताको उडान पनि अहिले अवरुद्ध भएको छ । हङकङको पटक-पटक अवरुद्ध भएको उडान अहिले सञ्चालनमा छ । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को व्यावसायिक हिसाबले राम्रो गन्तव्य रहेको हङकङमा केही यात्रुको पिसिआर रिपोर्ट त्यहाँको परीक्षणमा पुनः पोजेटिभ देखिए पनि नेपाल एयरलाइन्सलाई तीन पटकसम्म उडान रोकेको थियो ।

त्यस्तै पछिल्लो पटक जापानमा पनि केही यात्रुमा पिसिआर परीक्षणको नतिजा पोजेटिभ देखिएपछि जापानको उडान नियामक निकायले नेपाल एयरलाइन्सलाई सचेतपत्र पठाएको थियो ।

### आन्तरिकमा उत्साहवर्द्धक उडान

अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक उडान भने उत्साहवर्द्धक रहेको विमानस्थल कार्यालयले जनाएको छ । अहिले ८५ देखि ९० प्रतिशत उडान अकुपेन्सी रहेको छ । ठूला एयरलाइन्स बुद्ध, यती र श्री एयरलाइन्सको उडान अकुपेन्सी झण्डै ९० प्रतिशत रहेको सम्बन्धित कम्पनीले जनाएका छन् । बुद्धले मात्र अहिले दैनिक चार हजार ८०० सम्म यात्रु बोक्ने गरेको छ । जबकी बुद्धले सामान्य अवस्थामा दैनिक पाँच हजार ५५५ देखि ६ हजारसम्म यात्रु बोक्ने गरेको थियो । उक्त कम्पनीले अहिले दैनिक दुईतर्फी ८२ उडान गरिरहेको छ । यती एयरलाइन्स र श्री एयरलाइन्सको गन्तव्य अनुसार उडान अकुपेन्सी राम्रो रहेको जनाइएको छ । आन्तरिकतर्फ १० हेलिकोप्टरसहित १९ वायुसेवा प्रदायक कम्पनीले उडान भर्दै आएका छन् ।

# कर्मचारी नहुँदा मालपोत कार्यालयको कामकाज प्रभावित

लहान, १६ मङ्सिर (रासस) ।

कार्यालय प्रमुखसहित दरबन्दीअनुसारको कर्मचारी नहुँदा मालपोत कार्यालय लहानको कामकाज प्रभावित भएको छ । प्रमुख मालपोत अधिकृत, मालपोत अधिकृतसहितका कर्मचारी नहुँदा कार्यालयको आर्थिक प्रशासनिक तथा मुद्दासम्बन्धी महत्वपूर्ण काम प्रभावित हुँदै आएको छ ।

यसका साथै कार्यालयबाट सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा समेत कठिनाइ भइरहेको मालपोत कार्यालय लहानका निमित्त प्रमुख दीपेन्द्रनारायण चौधरीले जानकारी दिनुभयो । कार्यालय प्रमुख नहुँदा मुद्दा फाँटबाट सम्पादन हुने कार्य अवरुद्ध हुनुका साथै आर्थिक, प्रशासनिक कार्यसमेत प्रभावित हुँदै आएको निमित्त प्रमुख चौधरीले बताउनुभयो ।

सो कार्यालयमा एक प्रमुख मालपोत अधिकृत, दुई मालपोत अधिकृत, १० नायबसुब्बा, चार खरिदार, एक लेखापालसहित २७ जनाको दरबन्दी रहे पनि विगत चार वर्षदेखि प्रमुख मालपोत अधिकृत, दुई मालपोत अधिकृत, चार नायबसुब्बा तथा दुई जना खरिदार रिक्त छन् ।

हाल सो कार्यालयमा छ नायबसुब्बा, दुई खरिदार, करारमा रहेका तीन कम्प्युटर अपरेटर र कार्यालय सहयोगीले सेवाग्राहीलाई सेवा पुर्‍याउँदै आएका छन् । “कार्यालयमा दैनिक सेवाग्राहीको चाप बढ्दै गएको छ”, निमित्त प्रमुख चौधरीले भन्नुभयो, “एकातिर कर्मचारीको अभाव छ अर्कोतिर सेवाग्राहीको चाप बढ्दो

*बाँकी अन्तिम पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# खाद्य ऐन नमान्नेमा पानी उद्योग पहिलो नम्बरमा

काठमाडौँ, १६ मङ्सिर (रासस)।

खाद्य ऐन नमान्ने व्यवसायमध्ये पहिलो नम्बरमा प्रशोधित पिउने पानी उद्योग रहेको छ। यसरी खाद्य ऐन उल्लङ्घन गर्ने पानी उद्योगलगायत मापदण्डानुसार सञ्चालन नभएका व्यवसायलाई कानूनी कारवाही गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ।

साउनदेखि कात्तिकसम्मको पहिलो चौमासिकमा खाद्यसम्बन्धीका एक हजार १८९ नमूना सङ्कलन गरिएकामा ७० नमूना मापदण्डानुसार नभएको पाइएको विगभका प्रवक्ता मोहनकृष्ण महर्जनले जानकारी दिनुभयो। त्यसमध्ये सबैभन्दा बढी प्रशोधित पिउने पानीका २१, दानाका १६, तेल तथा घ्यूजन्य नमूना १४, खाद्यान्न १० लगायतका अन्य खाद्य पदार्थका नमूना रहेको उहाँले बताउनुभयो।

यस्तै खाद्य स्वच्छता सर्भिलेन्सका लागि ८७६ नमूना सङ्कलन गरिएको छ। सो अवधिमा न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्री वितरण गरेको कसूरमा २६ उद्योगविरुद्ध मुद्दा चलाइएको छ। त्यसमध्ये पनि सबैभन्दा बढी पिउनेपानीका पाँच उद्योग परेका छन्। खानेतेलका तीन, बेकरी तीन, दाना, चाउचाउ, मिठाइका दुई/दुई लगायत घ्यू, दही, चामल, सस, काजु किसमिस, खाद्य रङ, बियर, मटरफ्राइजस्ता खाद्य पदार्थ उत्पादन गर्ने उद्योग तथा व्यवसाय रहेका छन्। उक्त मुद्दामध्ये आठ मुद्दा न्यून गुणस्तरका, सात मुद्दा दूषितका, सात मुद्दा लेबललगायतका विवरण नमिलेका तथा बाँकी चार मुद्दा खाद्य ऐन नियम निर्देशिका उल्लङ्घनसम्बन्धी छन्।

पहिलो चौमासिकमा मुलुकभर खाद्य र दाना उद्योग, होटल रेष्टुरेण्ट, राजमार्गका होटललगायत एक हजार ८७३ पटक निरीक्षण अनुगमन भएको छ। उक्त अवसरमा १५३ उजुरी कारवाही गरिएको छ। विभाग तथा मातहतका कार्यालयबाट भएको निरीक्षण अनुगमनमा खाद्य ऐन, २०२३, खाद्य नियमावली, २०२७ तथा निर्देशिकाबमोजिम उत्पादन नगर्ने ३४ उद्योग एवं खाद्य व्यवसायलाई उत्पादन रोक्का एवं सिलबन्दीका साथै नमूना सङ्कलन गरी कारवाही अघि बढाइएको छ। त्यसमा पनि सबैभन्दा बढी प्रशोधित पिउने पानीका उद्योग तथा व्यवसाय नै रहेका छन्। प्राप्त विवरणअनुसार पानीका १५ उद्योग, खाद्यान्न तथा दलहनका आठ, दूध तथा दुग्ध पदार्थका छ, तेल तथा घ्यूजन्यका तीन र अन्य तीन खाद्य व्यावसाय रहेका प्रवक्ता महर्जनले बताउनुभयो।

यसअवधिमा १५६ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी गरिएको, ६३० उद्योग अनुज्ञापत्र नवीकरण तथा ६४२ नयाँ उद्योग स्थापना गर्न सिफारिस गरिएको विभागले जनाएको छ। आव २०७७/७८ को पहिलो चौमासिक अवधिमा जम्मा नौ हजार ५५ आयात अनुमति जारी गरिएको छ। विभिन्न १२ नाकामा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयमा २५ हजार १५४ वटा नमूना प्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएको जनाइएको छ। त्यसमध्ये पापड, चामल, बदाम, मसला, मैदा, वेसनलगायतका २५ वटा नमूना प्रतिकूल पाइएपछि आयात रोक्का गरिएको विभागले जानकारी दिएको छ।

विभागले उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम गर्दै आएको छ।

खाद्य पदार्थको विश्लेषण, परीक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयबाट हुँदै आएको जनाइएको छ। काठमाडौँलगायत मुलुकका ४३ कार्यालयबाट उक्त सेवा र अनुगमन हुँदै आएको छ।

# गोलबजारका दुई पसलमा आगलागी

लहान, १६ मङ्सिर (रासस)।

सिरहाको गोलबजार नगरपालिका- ४ का दुई कपडा पसलमा मंगलबार बिहान आगलागी हुँदा करीब रु दुई करोड मूल्य बराबरको क्षति भएको छ। गोलबजारस्थित कञ्चन वस्त्रालय र किसन ट्रेडर्स एण्ड सप्लायर्समा आगलागी हुँदा नगद रु ५० हजारसहित कपडा जलेर नष्ट भएको छ।

आगलागीबाट सँगै रहेका दुई कपडा पसलमा रहेका कपडालगायत सम्पूर्ण समान जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिनुभयो। पसलका सबै सटर बन्द थिए। विद्युत् चुहिई आगलागी भएको हुन सक्ने अनुमान गरिए पनि यकिन हुन नसकेको प्रहरीले जनाएको छ। गोलबजार, मिर्चैया र लहान नगरपालिकाका वारुणयन्त्र, नेपाल प्रहरी, नेपाली सेना तथा

*बाँकी अन्तिम पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

# कोभिड-१९ का कारण महिलाविरुद्धको लैंगिक हिंसा बढ्यो : राष्ट्रसंघ

संयुक्त राष्ट्र सङ्घ, १६ मङ्सिर (रासस/सिन्ह्वा)।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमणका कारण विश्वमा महिलाविरुद्धको लैङ्गिक हिंसा वृद्धि भएको संयुक्त राष्ट्रसङ्घका अधिकारीले सोमबार बताएका छन्।

कोभिड-१९ का कारण विश्वका सबै स्थानमा महिला तथा बालबालिकाविरुद्धको हिंसामा वृद्धि भएको राष्ट्रसङ्घीय लागुऔषध तथा अपराधबारे अनुसन्धान गर्ने राष्ट्रसङ्घीय कार्यालय (यूनओडिसी)को अध्ययनले देखाएको छ, संस्थाका कार्यकारी निर्देशक घाडा वालाइले बताउनुभयो।

संस्थाको प्रत्यक्ष भिडियो सम्मेलनमार्फत् महिला र बालबालिकाविरुद्धको प्रतिवद्धता नामक एक कार्यक्रममा उहाँले भन्नुभयो, "महामारीका कारण आपराधिक मुद्दाविरुद्धका गतिविधि अवरुद्ध बनेको र पीडितलाई हुने सहयोगमा कमी भएको कारण महिला तथा बालबालिकाविरुद्धको लैंगिक हिंसाका घटना बढेको पाइएको छ।"

महामारी पहिले पनि महिला तथा बालिकाविरुद्ध विभिन्न खालका हिंसा हुनुपरेको स्मरण गर्दै उहाँले महामारीपछि यसमा ६० प्रतिशतभन्दा बढीले वृद्धि भएको यूनओडिसीका बालाइले भन्नुभयो।

कोभिड-१९ महामारीका समय लकडाउन र अन्य उपायका कारण लैंगिक हिंसामा प्रचुर मात्रामा प्रभाव परेको यूएनओडीसीले जनाएको छ।

राष्ट्रसङ्घीय महिला कार्यकारी निर्देशक फुम्जिले एमलाम्बोएनगुकाले सङ्क्रमणमा परी जीवन जोगाउन सफल अधिकांश (करिब ८० प्रतिशत) महिलाले यौनहिंसाको शिकार बन्नुपरेको बताउनुभयो।

सामाजिक तथा आर्थिक अवस्थाका कारण पनि उनीहरूले ती अपराधको सामना गर्नुपरेको तर महामारीको समयमा उनीहरूमा सामाजिक तथा आर्थिक असर अझ जटिल बनेको एमलाम्बोएनगुकाले बताउनुभयो।

कोभिड-१९ का कारण थप ७० लाख महिला तथा किशोरीमा जटिल खालको गरिबीतर्फ धकेलेको र महिला तथा बालबालिका बेचबिखन मौलाएको उहाँको दावी थियो।

अप्रिलमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टिनियो गुटेरेसले विश्वव्यापी घरेलु हिंसा 'रोक्न' महिलाको सुरक्षालाई प्राथमिकता दिन आग्रहसमेत गर्नुपरेको थियो।

अहिलेसम्म झण्डै १५० राष्ट्रले महासचिव गुटेरेसको आग्रहलाई सम्मान गर्दै सङ्क्रमित महिला तथा बालबालिकालाई प्राथमिकतामा राखेको बताइएको छ। यसलाई यूएनओडीसी, राष्ट्रसङ्घीय महिला एकाइ र अन्य सहयोगीले पनि पालना गरेका बताइएको छ।

# जापानको वेरोजगार दर तीन वर्ष यताकै उच्च

टोकियो, १६ मङ्सिर (रासस/सिन्ह्वा)।

जापानको वेरोजगार दर अक्टोबरमा तीन वर्ष यताकै उच्च विन्दुमा पुगेको यहाँको सरकारी तथ्याङ्कले देखाएको छ।

वेरोजगार दर वृद्धि हुनुलाई कोरोना भाइरस सङ्क्रमणजन्य महामारीसँग जोडेर हेरिएको छ। महामारीका कारण व्यवसायिक गतिविधि नराम्रोसँग प्रभावित बनेको र यसको प्रभाव रोजगार क्षेत्रमा पनि परेको जापानको ठहर छ।

जापानको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयका अनुसार जापानमा अक्टोबरमा ८० हजार व्यक्ति वेरोजगार बनेसँगै कूल वेरोजगार व्यक्तिको सङ्ख्या २१ लाख ४० हजार पुगेको छ।

जापानमा सेप्टेम्बरको तुलनामा पुरुषतर्फको वेरोजगार ०.२ प्रतिशतले वृद्धि हुँदा यो सङ्ख्या ३.४ पुगेका तर महिलातर्फको वेरोजगार दर (२.७ प्रतिशत)मा कुनै परिवर्तन नदेखिएको पनि तथ्याङ्कले देखाएको छ।

त्यसैगरी रोजगारी उपलब्धता दर सेप्टेम्बरमा १.०३ रहेकोमा अक्टोबरमा १.०४ मा पुगेको अर्थात् हरेक १०० व्यक्तिका लागि १०४ पद खाली रहेको र यो सन् २०१९ को अप्रिलपछि पहिलो पटक सुधार भएको बताइएको छ। कोरोनाकालमा पनि रोजगारी उपलब्धता दर बढ्नुलाई सकारात्मक सूचकका रूपमा हेरिएको छ।

जापान सरकारले महामारीका कारण आर्थिक सङ्कटमा परेका कम्पनीलाई राहतस्वरूप करमा विभिन्न छुटको योजना अघि सारेको छ। अर्थशास्त्रीका अनुसार जापानले श्रम बजारलाई जटिल सङ्कटबाट बचाएको छ। राहत कार्यक्रम आगामी फेब्रुअरीसम्मका लागि तय गरिएकोमा यसलाई बढाएर मार्चसम्म पुऱ्याइएको छ।

# रासायनिक हतियार नष्ट गर्न राष्ट्रसंघीय प्रमुखको आग्रह

संयुक्त राष्ट्रसङ्घ, १६ मङ्सिर (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले रासायनिक हतियारको अन्त्य गर्न अन्तरराष्ट्रिय समुदायलाई आग्रह गर्नुभएको छ।

विश्वलाई नै रासायनिक हतियार विहिन बनाउन उहाँले सोमबार सबैलाई आग्रह गर्नु भएको हो।

रासायनिक हतियारबाट पीडितको स्मृति दिवसका अवसरमा सन्देश प्रकाशित गर्दै उहाँले यसको प्रयोग कहिल्यै, कहीँ, कुनै पनि बाहनामा वा कुनै पनि अवस्थामा ठिक नभएको दावी गर्नुभयो।

रासायनिक हतियारको प्रयोगले अन्तरराष्ट्रिय कानुनको उलङ्घन हुने गरेको पनि उहाँले स्मरण गराउनु भएको छ।

"कुनैपनि तरिकाले रासायनिक हतियारको प्रयोगलाई सही सावित गर्न सकिदैन, हामीले यस्लाई निरुत्साहित गर्नुपर्छ, प्रयोग नगर्न चेतावनी दिनुपर्छ," उहाँले लेख्नुभएको छ।

उहाँले रासायनिक हतियारको प्रयोगलाई कहिल्यै पनि सहज र स्वभाविकरुपमा लिन नहुनेमा पनि जोड दिनुभयो। राष्ट्रसङ्घीय प्रमुखले रासायनिक हतियारको प्रयोग स्वीकार्य हुन नसक्ने स्पष्ट पार्नुभयो।

उहाँले रासायनिक हतियारबाट पीडित भएकाप्रति पनि विश्व समुदायको नैतिक जिम्मेबारी रहेको तर्फ सबैको ध्यानाकर्षण गराउनुभयो। सन्देशमार्फत उहाँले पीडितप्रति सहानुभूति पनि व्यक्त गर्नुभएको छ।

# जनचेतना फैलाउदै फर्सैठ युवा क्लवद्वारा सरसफाई




**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

समुदायमा जनचेतना अभिबृद्दि गर्ने उद्देश्यले फर्सैठ युवा क्लवले फर्सैठमा सरसफाईको आयोजना गरेको छ ।

राजबिराज वडा नं. ११ का वडा अध्यक्ष संजय कुमार यादबको उपस्थिति तथा फर्सैठ युवा क्लवको आयोजनामा फर्सैठको विभिन्न टोल र बस्तीमा सरसफाई गरिएको हो ।

दर्जनौ युवाहरूले सडक पेटी र वाटो, घाटोमा थुपारिएको फोहोरको डंगुरको सरसफाई गरेका छन् भने बस्तीमा स्थानिय घरपेटीहरूलाई फोहोरको ब्यबस्थापन गर्नका लागि सचेत गराएको स्थानिय तथा राजबिराज नगरपालिकाका लेखा अधिकृत उमाशंकर यादबले जानकारी दिए ।

युवाहरूले फर्सैठ टोलको विभिन्न बस्ती र टोलको गल्लीहरूमा सरसफाई गर्दै स्थानियहरूलाई सरसफाई गर्न चेतना फैलाउदै सरसफाई गरी गाउको बस्तीलाई सुन्दर, स्वच्छ वातावरण निर्माण गर्न आग्रह गरेको युवा क्लवका अध्यक्ष ध्रुव कुमार देवले बताए ।

यता फर्सैठ युवा क्लव पहलमा स्थानिय आधारभुत बिद्यालय फर्सैठको बिकासका लागी स्थानियवासी बिजय देवले आफ्नो आमा स्व. देवी देवको सम्भ्कनामा १ लाख १ हजार १ सय ११ रूपैयाको अक्षय कोष स्थापना गर्ने घोषणा गरेको स्थानिय तथा राजबिराज नगरपालिका शिक्षा प्रमुख भोगेन्द्र यादबले जानकारी दिए ।

गत बर्ष फर्सैठ युवा क्लवले स्थानिय आधारभुत बिद्यालय फर्सैठमा पुस्तकालय स्थापनाका लागि १ लाख बरावरको फर्निचर, खेलकुद, तथा समान्य ज्ञानका किताबहरू सहयोग गरेको थियो । सरसफाईको लागि वडा अध्यक्ष संजय यादबले डस्टबिन, लगायतका सरसफाईका लागि सामग्री हस्तान्तरण गरेका थिए ।

फर्सैठ युवा क्लव स्थापना पश्चात् विभिन्न प्रकारका जनचेतना फैलाउने उद्देश्यले समुदायको बिकास सँगै सँगै स्वास्थ, शिक्षा र स्वरोजगारमा तर्फ अग्रसर भएका छन ।

# कला संस्कृतीको उत्थानका लागि जुरगुटी प्रतियोगिता

**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

सप्तरीको कञ्चनरुप नगरपालिकामा समाचकेवा पर्वको अवसरमा पहिलो पटक जुरगुटी प्रतियोगिता आयोजना गरिएको छ ।

परालसहितको धानको बालाको बनाउने जुरगुटी तराई मधेसमा केही वर्ष पहिला लगभग सबैको घर अगाडी रहेपनि हाल लोप हुँदै गएको अवस्थामा त्यस्ता कला संस्कृतीलाई प्रतियोगिताको माध्यमबाट उत्थान तथा जगेर्नाको प्रयास गरिएको आयोजकले बताएका छन् ।

जुरगुटी पाहुनाहरूको स्वागत तथा सजावटको लागि झुन्ड्याउने चलन रहेकोमा हाल ती परम्पराहरू लोप हुँदै गएको छ ।

मौलिकताहरू हराउँदै गएपछि यस वर्ष पहिलो पटक थारु



सांस्कृतिक संग्रहालय एवम् थारु समुदाय होमस्टे परिवारको आयोजन तथा कोशी टप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सौजन्यमा यस्ता प्रतियोगिता भएको हो ।

सो नगरपालिका वडा नं. ६ स्थित थारु संग्रहालयको भवनमा आयोजित सो प्रतियोगितामा पानावती चौधरी प्रथम, रिता चौधरी द्वितीय र भुली देवीले तृतीय स्थान भएकी छिन् ।

विजयी प्रतियोगीहरूलाई पुरस्कार स्वरूप क्रमशः एक हजार पाँच सय, एक हजार र पाँच सय रुपैयाँ प्रदान गरिएको छ ।

### *कर्मचारी नहुँदा ...*

छ, यस्तो अवस्थामा सेवा पुर्‍याउन असाध्यै कठिनाइ भइरहेको छ ।" कार्यालयमा वर्षौंदेखि रिक्त रहेका कर्मचारीबारे प्रमुख जिल्ला अधिकारी तथा विभागमा जानकारी गराइसके पनि कर्मचारी पठाइदिने आश्वासन मात्र पाएको उहाँको भनाइ छ ।

### *गोलबजारका ...*

स्थानीयवासीका प्रयासमा आगो नियन्त्रणमा आएको प्रहरी निरीक्षक राईले बताउनुभयो ।

# जनमत पार्टीद्वारा कारवाहीको माँग

**दैनिक समाचारदाता**
**राजविराज, १६ मंसिर ।**

जनमत पार्टी सप्तरीले आफ्ना नेता तथा कार्यकर्तामाथी भएको आक्रमणप्रति भर्त्सना गर्दै दोषिमाथी कारवाहीको माग गरेको छ ।

जनमत पार्टीका जिल्ला इन्चार्ज सूर्यदेव यादवद्वारा मंगलबार जारि विज्ञप्तिमा महादेवा गाउँपालिका प्रमुखका छोरा अभिनव यादव र उनका काकाको छोरा वैभव यादवले सो गाउँपालिका वडा नं. ३ निवासी जनमत पार्टीका वडा संयोजक मिन्तर मुखियामाथी भौतिक आक्रमण गरेको आरोप लगाएका छन् ।

जारि विज्ञप्तिमा गत असोज २० गते प्रमुख जिल्ला अधिकारी समेतलाई घटना बारे ध्यानाकर्षण गराइएको तथा पुनः मंसिर १३ गते पार्टीका वडा संयोजक मुखिया र उनका आमामाथी भौतिक आक्रमण भएको भन्दै घटनाको भर्त्सना गर्दै दोषिमाथी अविलम्ब कारवाहीको माग गरिएको छ ।

साथै विज्ञप्तिमा दोषिलाई कानुनी दायरामा ल्याई आमजनतालाई शान्तिपूर्ण जिवनयापन गर्ने वातावरण बनाउन स्थानिय प्रशासनसँग माँग समेत गरिएको छ ।

### *ठूला दलहरूका ...*


आयोजित आमसभा, पार्टी प्रबेश कार्यक्रममा बोल्दै अध्यक्ष साहले राष्ट्रिय हित भन्दा आफ्नो सत्ता स्वार्थमा केन्द्रित हुदाँ जनतामा निराशा बढ्ेको बताए ।

ठुला दलहरुकै कारण मुलुकमा भ्रष्टाचार र अराजकता बढ्ेको आरोप लगाउदै उनले भ्रष्टाचार बिरुद्ध आफ्नो पार्टीले भण्डाफोर अभियान चलाएको जिकिर गरे । स्थानीय तहहरुमा आर्थिक अपारदर्शिता बढ्दै गएकाले त्यसका बिरूद्व भण्डाफोर अभियानमा जुट्न उनले आव्हान समेत गरे ।

सोही कार्यक्रममा नेपाली जनता दलका केन्द्रीय सदस्य श्रवण चौधरीले महिलामाथि भईरहेको हिंसा, बलात्कार लगायतको घटनाको बिरोध गर्न आग्रह गर्दै बलात्कारीलाई फाँसी दिनुपर्ने माग गरे ।

सो कार्यक्रममा पार्टीका महेन्द्र प्रसाद यादवले जनप्रतिनिधिहरु जनताबाट कर असुली गरी ब्यापक भ्रष्टाचार भईरहेको बताउदै कोरोनाको नाममा स्थानीय तहमा भईरहेको अनियमितताको भण्डाफोर गर्न सबैसँग आग्रह गरे ।

नेपाली जनता दलका जिल्ला अध्यक्ष बिजय चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा जनता दलका केन्द्रीय सदस्यहरु रामबाबु रजक, रामबिलाश सदा, गंगा सदा लगायतले बोलेका थिए । कार्यक्रममा नेकपा, नेपाली काँग्रेस, जनता समाजवादी पार्टी लगायतका पार्टी परित्याग गरेकाहरुलाई अध्यक्ष साहले फुलमाला लगाएर पार्टी प्रबेश गराएका थिए ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np